पञ्चेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आम्चौरा, बैतडी

सुदूरपश्चिम प्रदेश, नेपाल

आन्तरिक आय संकलनका लागि घाट तारउतारहरुको बोलपत्र आह्वान गरिएको सूचना ।

(प्रथम पटक प्रकाशित मिति : २०७६/३/१०)

नेपालको संविधान २०७२ को अनुसूचि ८ र अनुसूचि ९ बमोजिम यस गाउँ पालिकाको क्षेत्राधिकार भित्र पर्ने देहायका आन्तरिक श्रोतहरु तर्फको आय, कर र दस्तुर आ.ब. २०७६।०७७ को गाँउ सभाबाट स्वीकृत दररेटमा उठाउने गरी आ.ब.२०७६/०७७ को लागि ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले तपसील बमोजिमका शर्तहरु भित्र रही रीतपूर्वक सिलबन्दी बोलपत्र पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र खरिदको लागि रु. १०००।- (अक्षरेपी रु.एकहजार मात्र) पछि फिर्ता नहुने गरि यस कार्यालयको लेखा शाखामा नगद बुझाई सो को रसिद पेश गरि यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन भित्र कार्यालय समयभित्र यस पञ्चेश्वर गाउँपलिकाको कार्यालयबाट खरिद गर्नु पर्नेछ र टेण्डर फाराम खरिद गर्दा नागरिकताको फोटोकपी अनिवार्य रुपमा संलग्न पेश गर्नु पर्नेछ ।

२. बोलपत्र फाराम साथ धरौटी बापतको रकम नेपाली नागरिक भए कबोल अंकको ५ प्रतिशत र गैर नेपाली नागरिक भए कबोल अंकको १० प्रतिशत यस कार्यालयको रा.बा.बैंक बैतडी शाखा स्थित ४०५०३०३००७११० धरौटी खातामा जम्मा गरेको सक्कलै भौचर वा ने.रा.बैंकबाट मान्यता प्राप्त बैंकले कम्तिमा ९० दिन म्याद भएको यस कार्यालयको नाममा जारी गरिएको विडवण्डको सक्कलै प्रति वा यस कार्यालयमा नगदै बुझाई सो को सक्कल रसिद संलग्न गर्नु पर्नेछ ।

३. खरिद गरिएका बोलपत्रहरु प्रष्टसंग भरि ठेकेदारले प्रत्येक पानामा सही छाप गरी खाम बाहिर व्यक्ति, फर्म, कम्पनीको नाम, ठेगाना, कामको नाम प्रष्ट लेखी यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० वजे भित्र यस कार्यालयमा दर्ता गरि सक्नुपर्नेछ ।

४. बोलपत्र खरीद गर्ने, दाखिला गर्ने र खोल्ने दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खरीद गर्ने, दाखिला गर्ने र खोलिनेछ ।

५. प्रत्येक कामको लागि छुट्टा छुट्टै बोलपत्र खरीद तथा दाखिला गर्नुपर्नेछ ।

६. बोलपत्र सोही दिनको २:०० वजे ठेकेदारका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ, ठेकेदारका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।

(कमलापति भट्ट)
प्रमुख प्रशासकिय अधिकृत

पुर्चौडामहाकाली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय आम्चौरा, बैतडी सुदूरपश्चिम प्रदेश नेपाल

७. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८. बोलपत्र शर्त रहित, केरमेट नभएको, कार्यालयले उपलब्ध गराएको, बोलपत्रमा कुनै थपघट वा द्रष्टव्य नलेखेको हुन हुनुपर्नेछ । समय भित्र पेश नभएको, रीत नपुगेको, सूचनाका शर्त विपरित भएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

९. कबोल अंक अक्षर र अंकमा प्रष्टसंग उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

१०. गत विगत वर्षमा ठेक्का लिई ठेक्का बापत यस गा.पा. को कार्यालय आम्चौरा, बैतडीलाई बुझाउन बांकी रकम नबुझाएका ठेकेदारको ठेक्का स्वीकृत गरिने छैन ।

११. ठेकेदारले सम्झौताको समयमा सम्पूर्ण ठेक्का रकम एकमुष्ट बुझाएमा औचित्य हेरी बढीमा १० प्रतिशत सम्म छुट दिन सकिनेछ ।

१२. गा.पा. ले ठेकेदारलाई कर उठाउन तोकेको क्षेत्रबाट ठेकेदारलाई सम्झौतामा उल्लेख गरिए बमोजिमको कर तिरी कर तिरेको रसीद लिएर मात्र निकासी गर्न पाउने छ ।

१३. सम्मानित अदालत, नेपाल सरकार गाउँपालिकाको नीति निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र लागु गर्न ठेकेदारको कर्तव्य एवं दायित्व हुने एवं नीति निर्देशन वा आदेशको पालनाको कारणबाट कुनै हानी नोक्सानी हुन गएमा क्षतीपूर्तिको दाबी ठेकेदारले गा.पा. संग गर्न पाउने छैन ।

१४. सम्झौता बमोजिमको कर उठाउने सम्पूर्ण दायित्व ठेकेदारको हुनेछ । ठेकेदारको कमजोरीको कारणबाट कर उठाउन नसकेमा कार्यालयमा मिनाहा, क्षतिपूर्ति अथवा कुनै किसिमको दाबी गर्न पाईने छैन ।

१५. IEE प्रतिवेदनमा औल्याईएका प्रावधानहरुको पालना गरेर मात्र ठेकेदारले ठेक्का संचालन गर्नुपर्नेछ ।

१६. ठेकेदारले सम्बन्धित आय संकलन गर्ने क्षेत्रको राम्रोसंग हेरी बुझी मात्रै बोलपत्र दाखिला र सम्झौता गर्नुपर्नेछ, राम्रोसंग नबुझि सम्झौता गरी सकेपछि सम्झौता अनुसारको रकम कार्यालयलाई बुझाउने दायित्व सम्बन्धित ठेकेदारको हुनेछ यसमा कुनै प्रकारको तर्क र आनाकानी स्वीकार्य हुनेछैन ।

१७. स्थानीय स्तरमा उठ्ने विवादहरुको समाधान गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित ठेकेदारको हुनेछ ।

१८. सम्बन्धित घाट, बगर तथा खानी क्षेत्रबाट ढुंगा गिट्टी बालुवा लगायतका पदार्थहरु उत्खनन गर्दा स्काईभटर, डोजर लगायतका भारी उपकरण प्रयोग नगरि मान्छेद्वारा उत्खनन गर्नु पर्नेछ ।

१९. कबोल अंकको १३ प्रतिशत भ्याट रकम सम्बन्धित ठेकेदारले सम्झौता गर्दा नै बुझाउनु पर्नेछ ।

२०. यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

२१. करका दरहरु आ.ब. २०७५।०७६ को गाउँ सभाले गरेको निर्णय अनुसार हुनेछ ।

(कमलापति भट्ट)
प्रमुख प्रशासकिय अधिकृत

पञ्चेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आम्चौरा, बैतडी
सुदूरपश्चिम प्रदेश नेपाल

| सि.नं. | ठेक्का नं. | ठेक्काको किसिम<br>तारउतार | ठेक्का उठाउन पाउने क्षेत्र | न्युनतम अंक<br>(भ्याट बाहेक) |
|---|---|---|---|---|
| १. | १।२०७६।०७७ | पञ्चेश्वर घाट तारउतार | पञ्चेश्वर घाट | ११०२५०।०० |
| २. | २।२०७६।०७७ | विनायक घाट तारउतार | विनायक घाट | १०५०००।०० |
| ३. | ३।२०७६।०७७ | धर्म घाट तारउतार | धर्मघाट | ३१५००।०० |
| ४. | ४।२०७६।०७७ | डिम्बर घाट तारउतार | डिम्बरघाट | ११०२५०।०० |
| ५. | ५।२०७६।०७७ | देवताल घाट तारउतार | देवतालघाट | २६२५०।०० |
| ६. | ६।२०७६।०७७ | बलारा घाट तारउतार | बलाराघाट | २६२५०।०० |
| ७. | ७।२०७६।०७७ | ढोया घाट तारउतार | ढोयाघाट | २६२५०।०० |

(कमलापति भट्ट)
प्रमुख प्रशासकिय अधिकृत